# नीति तथा कार्यक्रम,२०८३/०८४

**तुम्बेवा गाउँपालिका, पाँचथरको बिसौँ गाउँसभामा पेश गरेको मितिः २०८३/०३/१०**

**पारित गरेको मितिः २०८३/०३/१०**

## तुम्बेवा गाउँपालिका, पाँचथर

**कोशी प्रदेश, नेपाल**

**<u>प्रस्तुतकर्ताः</u>**

**बाबुराम खड्का**

**अध्यक्ष**

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

नेपालको संविधानद्वारा परिकल्पित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालनको माध्यमबाट नागरिकको जीवनस्तरमा सकारात्मक परिवर्तन ल्याउने हाम्रो साझा दायित्व रहेको छ। यस गौरवपूर्ण अवसरमा तुम्बेवा गाउँपालिकाको बिसौँ गाउँसभामा आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूति गरेको छु। यस अवसरमा नेपालको लोकतान्त्रिक आन्दोलन, सङ्घीयता, गणतन्त्र, समावेशिता तथा सामाजिक न्यायका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै बेपत्ता, घाइते तथा अग्रज व्यक्तित्वहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु।

तुम्बेवा गाउँपालिकाको समग्र दिगो विकास, समावेशी सुशासन र समृद्धिको यात्रालाई थप प्रभावकारी बनाउनका लागि प्रस्तुत गरिएको नीति तथा कार्यक्रमले सम्पूर्ण गाउँपालिकावासीको भावना, सरोकार र आशालाई समेट्ने कुरामा विश्वस्त छु। यस नीति निर्माण प्रक्रियामा विगतका अनुभवहरू, सिकाइहरू र सफल अभ्यासहरूको स्मरण गर्दै हामीले वर्तमान आवश्यकता र सम्भावनाहरूलाई प्राथमिकतामा राखेर आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम निर्माण गरेका छौँ। गाउँपालिकाको सुशासन, सामाजिक न्याय, दिगो पूर्वाधार विकास, गुणस्तरीय शिक्षा, सर्वसुलभ स्वास्थ्य सेवा, आधुनिक तथा व्यवसायिक कृषि, पर्यटन प्रवर्द्धन, वातावरण संरक्षण, सूचना प्रविधिमैत्री सेवा प्रवाह, युवा सशक्तीकरण, विपद् जोखिम न्यूनीकरण, रोजगारी सिर्जना तथा उद्यमशीलता विकास लगायतका बहुआयामिक क्षेत्रहरूलाई समेट्दै प्रस्तुत नीति तथा कार्यक्रमले समुन्नत, समावेशी, आत्मनिर्भर र उत्तरदायी स्थानीय शासन प्रणाली निर्माणको स्पष्ट मार्गचित्र प्रस्तुत गरेको छ। साथै, गुणस्तरीय शिक्षा, प्रभावकारी स्वास्थ्य सेवा, आधुनिक भौतिक पूर्वाधार, कृषि तथा पशुपालनको व्यवसायीकरण, उत्पादन र उत्पादकत्व वृद्धि, स्थानीय उद्योग तथा पर्यटन प्रवर्द्धनमार्फत आर्थिक गतिविधिलाई सुदृढ बनाउनु नै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमको मूल उद्देश्य तथा प्रमुख प्राथमिकता रहेका छन्।

## विद्यमान परिवेश

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

वर्तमान विश्व परिवेशलाई नियाल्दा मानव सभ्यता एकैसाथ अवसर र चुनौतीको दोसाँधमा उभिएको छ। जलवायु परिवर्तनका कारण बढ्दो प्राकृतिक विपद्, ऊर्जा संकट, खाद्य असुरक्षा, आर्थिक मन्दी, सार्वजनिक स्वास्थ्य सम्बन्धी जोखिम तथा भू–राजनीतिक अस्थिरताले विश्व समुदायलाई गम्भीर प्रभाव पारिरहेको छ। नेपालको सन्दर्भमा संघीय लोकतान्त्रिक शासन व्यवस्थाको कार्यान्वयनसँगै स्थानीय सरकारहरूले नागरिकको घरदैलोमै सेवा प्रवाह गर्ने अवसर प्राप्त गरेका छन्। तथापि, तीन तहका सरकारबीचको प्रभावकारी समन्वय, वित्तीय स्रोतको दिगो व्यवस्थापन, सेवा प्रवाहको गुणस्तर अभिवृद्धि, सार्वजनिक उत्तरदायित्व तथा सुशासनका अभ्यासहरूलाई अझ सुदृढ बनाउँदै लैजानुपर्ने आवश्यकता विद्यमान छ। तुम्बेवा गाउँपालिकाको सन्दर्भमा कृषि, पशुपालन, पर्यटन, प्राकृतिक सम्पदा, सांस्कृतिक विविधता, युवा जनशक्ति तथा सामुदायिक एकता विकासका महत्वपूर्ण आधारका रूपमा रहेका छन्। यद्यपि बढ्दो बसाइँसराइ, कृषियोग्य जमिनको बाँझोपन, बेरोजगारी,

जलवायुजन्य जोखिम, पूर्वाधार विकासको आवश्यकता तथा सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउने चुनौतीहरू विद्यमान रहेका छन् । यी चुनौतीहरूलाई अवसरका रूपमा रूपान्तरण गर्दै स्थानीय उत्पादन, उद्यमशीलता, पर्यटन विकास, आधुनिक कृषि प्रणाली, गुणस्तरीय शिक्षा, प्रभावकारी स्वास्थ्य सेवा तथा डिजिटल सुशासनलाई प्राथमिकतामा राखी गाउँपालिकाको समग्र विकासलाई गति दिन आवश्यक देखिएको छ।

यसै परिवेशलाई आत्मसात् गर्दै आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रमले दिगो विकास, सामाजिक न्याय, आर्थिक समृद्धि, वातावरणीय सन्तुलन, सुशासन, नागरिकमैत्री सेवा प्रवाह तथा आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण लाई केन्द्रबिन्दुमा राखी गाउँपालिकाको समग्र रूपान्तरणको स्पष्ट मार्ग चित्र प्रस्तुत गरेको छ ।

## विद्यमान अवसरहरू

१. संविधानद्वारा अधिकार सम्पन्न स्थानीय सरकारको स्थापना भई २२ वटा एकल अधिकार तथा साझा अधिकार प्राप्त हुनु ।
२. स्थानीय आवश्यकता अनुसार ऐन, नियम, कार्यविधि तथा नीति निर्माण गर्ने अधिकार सुनिश्चित हुनु ।
३. सबै वडामा सडक पूर्वाधारको पहुँच विस्तार भई सेवा प्रवाह तथा आर्थिक गतिविधि सहज हुनु ।
४. नागरिकहरूमा विकास, सुशासन तथा सामाजिक उत्तरदायित्वप्रतिको चेतनास्तर अभिवृद्धि हुँदै जानु ।
५. सामुदायिक वन, सहकारी संस्था तथा उपभोक्ता समूहहरूको सक्रिय सहभागिता रहनु ।
६. वैदेशिक रोजगारबाट फर्किएका सीपयुक्त जनशक्तिको उपलब्धता हुनु ।
७. स्थानीय उत्पादनको बजारीकरण तथा मूल्य अभिवृद्धि गर्ने सम्भावना बढ्दै जानु ।
८. डिजिटल प्रविधिको प्रयोगमार्फत सेवा प्रवाहलाई थप प्रभावकारी र पारदर्शी बनाउने अवसर हुनु ।
९. शिक्षा, स्वास्थ्य, कृषि तथा पूर्वाधार क्षेत्रमा संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा सहयोगको सम्भावना रहनु ।

## विद्यमान चुनौतीहरू

१. शिक्षालाई समय सापेक्ष, गुणस्तरीय, सीपमूलक तथा रोजगारमुखी बनाउनु ।
२. बढ्दो बेरोजगारी न्यूनीकरण गरी स्थानीयस्तरमै सम्मानजनक रोजगारी सिर्जना गर्नु ।
३. युवा जनशक्तिलाई कृषि, पशुपालन तथा उत्पादन मूलक व्यवसायतर्फ आकर्षित गर्नु ।
४. गुणस्तरीय बीउ बिजन, मलखाद तथा कृषि सामग्री समयमै उपलब्ध गराउनु ।
५. कृषि उत्पादनको बजारीकरण तथा मूल्य अभिवृद्धिको सुनिश्चितता गर्नु ।
६. बढ्दो बसाइँसराइ तथा गाउँ रित्तिने प्रवृत्तिलाई न्यूनीकरण गर्नु ।
७. गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समान पहुँच सुनिश्चित गर्नु ।
८. गाउँपालिकाभित्रका सडक, खानेपानी, सिँचाइ तथा अन्य पूर्वाधारहरूको दिगो व्यवस्थापन र स्तरोन्नति गर्नु ।
९. स्थानीय राजस्वको दायरा विस्तार गरी आन्तरिक आय अभिवृद्धि गर्नु ।
१०. सामाजिक सद्भाव, समावेशिता तथा सामाजिक न्यायलाई थप सुदृढ बनाउनु ।
११. स्थानीय स्रोत, साधन र सम्भावनाको अधिकतम उपयोग गर्दै आत्मनिर्भर स्थानीय अर्थतन्त्र निर्माण गर्नु ।

१२. पर्यटन, संस्कृति तथा स्थानीय सम्पदाको संरक्षण गर्दै आर्थिक विकाससँग आबद्ध गर्नु।

## हालसम्मका प्रमुख उपलब्धिहरूको संक्षिप्त समीक्षा

## सामाजिक विकासका क्षेत्रमा भएका उपलब्धिहरू

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

गाउँपालिकामा प्रवाह हुने सार्वजनिक सेवाहरूमा सूचना प्रविधिको प्रभावकारी प्रयोग विस्तार हुँदै गएको छ। शिक्षा, स्वास्थ्य, बैंकिङ कारोबार लगायतका क्षेत्रहरूमा डिजिटल प्रणालीको उपयोग बढ्दै जाँदा सेवा प्रवाह थप छिटो, पारदर्शी र प्रभावकारी बन्दै गएको छ।

युवाहरूलाई खेलकुद तर्फ आकर्षित गर्ने उद्देश्यका साथ खेलकुद पूर्वाधारको विस्तार र स्तरोन्नतिमा निरन्तर कामहरु भइरहेको छ। यसै सन्दर्भमा युवाहरूलाई उत्प्रेरित गर्ने उद्देश्यले चौथो अध्यक्ष कप पुरुष फुटबल प्रतियोगिता, गाउँपालिकास्तरीय महिला फुटबल प्रतियोगिता तथा ब्याडमिन्टन प्रतियोगिता सफलता पूर्वक सम्पन्न गरिएको छ। तुम्बेवा गाउँपालिकाको मेरुदण्डको रुपमा रहेको शिक्षा क्षेत्रलाई थप नविनतम, गुणस्तरीय र समय सापेक्ष विकास गर्ने क्रममा गाउँपालिकाको प्रथम गाउँ शिक्षा योजना निर्माण सम्पन्न भइ दिर्घकालिन शैक्षिक मार्गचित्र तयार, बार्षिक शैक्षिक कार्यपात्रो निर्माण, EMIS मार्फत विद्यालय तथ्याङ्क व्यवस्थापन, शिक्षकको पेशागत क्षमता विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन, त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षा सञ्चालन, समावेशी शिक्षा कार्यक्रम, सातौँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन, विद्यालय सुपरिवेक्षण तथा पेशागत सहयोग कार्यक्रम सञ्चालन गरिएको छ।

डिजिटल शासन प्रणालीलाई सुदृढ बनाउने क्रममा गाउँपालिकाबाट राष्ट्रिय परिचय पत्र वितरण कार्य गरिएको छ। सबै वडा कार्यालयहरूबाट नेपाली नागरिकताको अनलाइन सिफारिस सेवा सञ्चालनमा ल्याइएको छ, जसले सेवाग्राहीलाई सहजता प्रदान गरेको छ। सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई पारदर्शी, सुरक्षित र व्यवस्थित बनाउन लाभग्राहीको खातामा बैंक मार्फत सिधै रकम जम्मा हुने व्यवस्था हुदै आएको छ। जसले वित्तीय सुशासन र पारदर्शिता अभिवृद्धि गरेको छ।

गाउँपालिका भित्र रहेको एक मात्र आयुर्वेद औषधालयलाई थप सुदृढ र व्यवस्थित गरी दैनिक रुपमा योग,स्वस्थ जीवनशैली परिवर्तन, विभिन्न नसर्ने रोग सम्बन्धी जनचेतना कार्यक्रम, प्रत्येक महिनाको १५/१५ दिनमा वडा न ४ र ५ का नागरिकहरुलाई वडा मार्फत आयुर्वेद स्वास्थ्य सेवा प्रवाह भइरहेको, आयुर्वेद औषधालयमा प्रत्येक दिन निःशुल्क रुपमा आयुर्वेदका सम्पूर्ण सेवाहरु प्रवाह भइरहेको छ।

स्वास्थ्य सेवाको क्षेत्रमा गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी तथा उपकरणहरूको व्यवस्थापन प्रभावकारी रूपमा गरिएको छ। साथै बर्थिङ सेन्टरहरूको विस्तार तथा सुदृढीकरण गर्दै मातृ तथा शिशु स्वास्थ्य सेवामा पहुँच वृद्धि गरिएको छ। यस गाउँपालिकालाई पूर्ण खोप गाउँपालिका घोषणा, महिला स्वास्थ्य स्वयं सेविकालाई आधारभूत तालिम तथा प्रोत्साहन भत्ता प्रदान गरिएको, नसर्ने रोगको स्क्रीनिङ कार्यक्रम, पोषण स्क्रीनिङ कार्यक्रम, क्षय रोग पहिचान कार्यक्रम, १५ जना दिर्ग रोगीहरुलाई मासिक रुपैया पाँच हजार रुपैँयाका दरले उपचार खर्च उपलब्ध गराउँदै आएको, स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड

कार्यक्रम, सुत्केरी खाजा कार्यक्रम, किशोरी स्वास्थ्य सेवा, सुनौलो हजार दिनका आमाहरुलाई अभिमुखिकरण, महिनावारी स्वच्छता कार्यक्रम, मानसिक स्वास्थ्य, आत्महत्या रोकथाम, परिवार नियोजन शिविर सञ्चालन, अपाङ्गता भएका बालबालिकाहरुलाई विविध सामग्रीहरु वितरण, अपाङ्गता परिचय पत्र वितरण, विद्यालय स्वास्थ्य कार्यक्रमहरु सञ्चालन गरिएको, एक जना कर्मचारी व्यवस्थापन गरी टेलिमेडिसिन कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन भएको साथै स्वास्थ्य कार्यक्रमहरुको विभिन्न मूल्यांकन तथा प्रगतिका आधारमा जिल्ला तथा प्रदेशबाट सम्मानित भएको छ।

## भौतिक पूर्वाधार विकासका क्षेत्रमा भएका उपलब्धिहरू

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

तुम्बेवा गाउँपालिकाको समग्र विकासको आधारका रूपमा रहेको भौतिक पूर्वाधार विकास क्षेत्रमा उल्लेखनीय उपलब्धिहरू हासिल भएका छन्। २०७९ देखि यता ४२.५ कि.मि. नयाँ सडक निर्माण गरिएको छ। ३९ कि.मि. सडक ग्राभेल गरिएको छ। १५ कि.मि. कालोपत्रे सडक, १.८५ कि.मि वडाका केन्द्रका बजारहरुको पक्की ढलान, ७.५८ कि.मि. सडक सोलिङ निर्माण सम्पन्न गरिएको छ। त्यसै गरी ६५० घन मिटर मेसिनरी वाल, २८ वटा सिँचाई आयेजनाहरु निर्माण भई ३०० हेक्टर जमिनमा सिँचाई सुविधा उपलब्ध भएको छ। ९ वटा सामुदायिक विद्यालय भवन,  एक वटा वडा कार्यालय भवन, एक वटा सामुदायिक भवन, गाउँपालिकाको प्रशासकीय भवन, १६ वटा संस्थागत भवन निर्माण सम्पन्न गरिएको छ। त्यसै गरी ४६ वटा खानेपानी इन्टेक निर्माण सम्पन्न भएको छ। गाउँपालिकाले सडक, पुल, सामुदायीक भवन, संस्थागत भवन, विद्यालय भवन, खानेपानी, विद्युत तथा सिँचाइ पूर्वाधार विस्तारलाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्दै यस आ.व.मा श्री सरस्वती माध्यमिक विद्यालयमा २ कोठे पक्की भवन, श्री कलेश्वरी आधारभूत विद्यालयमा ४ कोठे पक्की भवन र श्री वलने माध्यमिक विद्यालयमा ४ कोठे विद्यालय भवन निर्माण सम्पन्न हुने चरणमा रहेका छन्। सामुदायीक भवन तर्फ संयुक्त युवा फुलबारी समूहको भवन तुम्बेवा-४, किरात याक्थुम चुम्लुङ भवन तुम्बेवा-३, किरात राई यायोखा तुम्बेवा-५, सहिद स्मृती प्रतिष्ठान तुम्बेवा-३, खकुरेल वन्धु प्रतिष्ठान तुम्बेवा-३, किरात याक्थुम चुम्लुङ तुम्बेवा-५ निर्माण भएका छन्। तुम्बेवा गाउँपालिकाको ऐतिहासिक हटिया पञ्चमी बजारमा टहरा निर्माण गरी बजारलाई क्रमशः व्यवस्थित बजारको रुपमा विकास गर्दै लगिएको छ। यस आ.व.मा तुम्बेवा-२ मा रहेको त्रिवेणी बजार क्षेत्र ११७ मिटर आर.सि.सि. ढलान सम्पन्न भएको छ। यो सँगै सबै वडाका मुख्य बजार क्षेत्र पक्की ढलानको काम सकिएको छ। तुम्बेवा- हात्तिकिच्चे देखि तुम्बेवा-५ लफनासम्म १३ कि.मि. सडक ग्राभेल तथा स्तरोउन्नती गरिएको छ। तुम्बेवा-४ को दशमी बजार देखि तुम्बेवा-५ जोड्ने सडकको साम्सेभिर क्षेत्रमा ४०० मिटर नयाँ ट्राक खोलिएको छ। साथै २५३.३ कि.मि. विभिन्न मुख्य तथा सहायक सडकहरु मर्मत सम्भार भएका छन्। १.५ कि.मि. सडक सोलिङको काम सम्पन्न भएको छ। विभिन्न ठाउँहरुमा २०० घन मिटर ग्याविन वाल, १९५ घन मिटर मेसिनरी वालहरु निर्माणको काम सम्पन्न भएको छ। २५ वटा खानेपानी रिजर्व ट्यांकीहरु निर्माण गरी २५० घरधुरीलाई खानेपानी सुविधा उपलब्ध भएको छ। निर्माण सम्पन्न भएका  पाँच वटा सिँचाई आयोजनाहरु मर्मत सम्भार भई सकेका छन् भने धार्मिक मठ, मन्दिरहरु निर्माण तथा संरक्षण गर्दै लगिएको छ। कक्षा ९ देखि १२ कक्षा सम्म सञ्चालित सामुदायिक विद्यालयहरुमा स्मार्ट फर्निचर फिक्चर प्रदान गरिएको छ।

करिव ९५ प्रतिशत घरधुरीमा विद्युत सेवा विस्तार भएको छ। गाउँपालिकाको आफ्नै आधुनिक प्रशासकीय भवनबाट सेवा प्रदान गरिदै आएको छ। साथै चार वटा वडा कार्यालयहरु आफ्नै भवनमा सञ्चालित छन्।

## सुशासन तथा संस्थागत विकासका क्षेत्रमा भएका उपलब्धिहरू

यस गाउँपालिकाले ५८ वटा (ऐन, नियमावली, कार्यविधि र मापदण्ड) राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याइएको छ, जसले स्थानीय शासनलाई कानुनी र संस्थागत रूपमा सुदृढ बनाएको छ। संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) प्रतिवेदन विज्ञमार्फत तयार गरी कार्यालय तथा पद दर्ताका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाई सकिएको छ। जसले प्रशासनिक संरचनालाई थप व्यवस्थित बनाउने आधार तयार गरेको छ। आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याइएको छ। जसले वित्तीय तथा प्रशासनिक अनुशासन कायम गर्न महत्वपूर्ण योगदान पुऱ्याएको छ। गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना (MTEF) निर्माण गरी योजनाबद्ध विकास प्रक्रियालाई संस्थागत गरिएको छ। आन्तरिक राजस्व स्रोतको दायरामा वृद्धि भएको छ। जसले गाउँपालिकाको आत्मनिर्भरता बढाउन सहयोग पुऱ्याएको छ। गाउँपालिकाको न्यायिक समितिमा दर्ता भएका उजुरीहरूलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रोत्साहन गरिएको छ। जसले सामाजिक सद्भाव, न्यायिक पहुँच र स्थानीय विवाद समाधान प्रणालीलाई प्रभावकारी बनाइएको छ।

## आर्थिक विकासका क्षेत्रमा भएका उपलब्धिहरू

यस गाउँपालिकाले पर्यटन पूर्वाधार निर्माण तर्फ २ वटा पार्क, १ वटा पदमार्ग, त्यसै गरी सुरक्षित नागरिकको आवास तर्फ ७१६ घर निर्माण सम्पन्न भएका छन्। पशुपालन व्यवसायलाई व्यवस्थित गर्न आधुनिक खोर निर्माण २३५ वटा, भकारो सुधार ३३ वटा, ७५ प्रतिशत अनुदानमा २६ वटा प्लाष्टिक पोखरी वितरण, मोटर सहितको च्याप कटर ४५ वटा, निर्माण तथा हस्तान्तरण गरिएको छ। रोजगार कार्यक्रममा लाभान्वित ६०० जना, उद्यमी सिर्जना ६७ जना, उद्यममा सम्लग्न ४५ जना , व्यवसाय दर्ता ७० वटा, सामाजिक संस्थाहरु ८ वटा, बाँदर नियन्त्रण यन्त्र १२७ थान, गाउँपालिकाबासी आम नागरिकहरुलाई पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी तालिम, विभिन्न रोगहरुको नियन्त्रणका लागि पशु खोप तथा उपचार सेवा नियमित रुपमा सञ्चालन भएको साथै निःशुल्क रुपमा कृत्रिम गर्भाधान सेवा विस्तार, महामारीजन्य पशु रोगहरुको निगरानी तथा रोकथाम, रेबिज रोग विरुद्धको खोप तथा सामुदायीक कुकुरहरुको बन्ध्याकरण शिविर सञ्चालन गरिएको छ। कृषकहरुको बालीमा लाग्ने फौजी किरा नियन्त्रणको लागि स्थलगत घुम्ती तालिम, बालीमा लाग्ने किराहरुको नियन्त्रणको लागि निःशुल्क फेरोमेन ट्राप वितरण, मकै, धानमा लाग्ने किराहरुको नियन्त्रणको लागि निःशुल्क विषादीहरु वितरण, मौषमी तरकारीको बिउ वितरण, गाउँपालिका भित्रका कृषक तथा कृषक फर्महरु छनोट गरी पचास प्रतिशत अनुदानमा अदुवा पकेट कार्यक्रम, वेसार प्रवर्द्धन कार्यक्रम, अदुवा प्रवर्द्धन कार्यक्रम लगायत कृषि, पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक गरिएको छ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रमा भएका उपलब्धिहरू

वन डढेलो नियन्त्रण तथा रोकथामका लागि पूर्वतयारी, जनचेतना अभिवृद्धि र सम्बन्धित निकायहरूसँग समन्वयात्मक कार्यहरू सम्पन्न गरिएका छन् । फोहोरमैला व्यवस्थापनलाई व्यवस्थित बनाउन वडा तथा समुदायस्तरमा सरसफाइ अभियान सञ्चालन गरिनुका साथै फोहोरको उचित व्यवस्थापन सम्बन्धी जनचेतना मूलक गतिविधिहरू सञ्चालन गरिएका छन् । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि गाउँपालिकास्तरमा विपद् व्यवस्थापन समिति तथा वडा स्तरीय संरचनाहरूलाई सक्रिय बनाइएको छ । विपद् प्रतिकार्य योजना, खोज तथा उद्धार, राहत वितरण तथा समन्वय कार्यलाई थप प्रभावकारी बनाउने प्रयास गरिएको छ। विपद् प्रभावित परिवारलाई मानवीय सहयोग प्रदान गरी पुनःस्थापनामा सहयोग पुऱ्याइएको छ।बाढी, पहिरो, आगलागी, चट्याङ, हावाहुरी लगायतका विपद्जन्य घटनाबाट प्रभावित नागरिकलाई तत्काल राहत तथा सहयोग उपलब्ध गराउने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिएको छ। आवश्यक सामग्रीको व्यवस्थापन तथा सम्बन्धित निकायहरूसँग समन्वय गरी उद्धार तथा राहत कार्य सम्पन्न गरिएको छ ।समुदायस्तरीय विपद् जोखिम न्यूनीकरण सम्बन्धी अभिमुखीकरण तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गरी स्थानीय नागरिकको विपद् प्रतिकार्य क्षमता अभिवृद्धि गरिएको छ । विद्यालय तथा समुदायमा विपद् पूर्वतयारी सम्बन्धी जानकारी प्रदान गर्दै सुरक्षित समुदाय निर्माणमा जोड दिइएको छ। वातावरण संरक्षण र दिगो विकासका लागि वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रक्रिया कार्यान्वयन गरिएको छ।

## आगामी आ.व. २०८३/०८४ का प्रमुख नीति तथा कार्यक्रमहरू

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

अब म आ.व. २०८३/०८४ का विभिन्न विषयगत तथा क्षेत्रगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्दछु।

१. नागरिकको नागरिकता प्राप्त गर्ने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न नागरिकता सिफारिसमा लिइने दस्तुरलाई निः शुल्क गरिनेछ।
२. महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई दिइएको प्रोत्साहन भत्तालाई आगामी आ.व. देखि थप गर्ने प्रयास गरिनेछ।
३. बृहत आङ्ना–मौवा–तमोर लिफ्टिङ खानेपानी आयोजनालाई दीर्घकालीन, व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्न यसै आ.व. देखि आवश्यक बजेट विनियोजन गरी नागरिकको घर–घरमा स्वच्छ तथा सुरक्षित खानेपानीको दिगो आपूर्ति सुनिश्चित गरिनेछ।
४. ऐतिहासिक पञ्चमी हटिया, औंशी बजार लगायतका परम्परागत हाटबजारहरुको भौतिक पूर्वाधार स्तरोन्नति तथा विकासका कार्यहरूलाई निरन्तरता दिइनेछ।
५. दीर्घरोगी नागरिकहरूलाई लक्षित गरी विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविर सञ्चालनलाई विगतका बर्षहरुमा झैं निरन्तरता दिइनेछ।
६. गाउँ कार्यपालिकाको कार्यालयमा रहेको नागरिक सहायता कक्षलाई सुदृढ गर्दै दक्ष जनशक्ति व्यवस्थापन गरिनेछ, जसले सेवा प्रवाहलाई छिटो, सरल र प्रभावकारी बनाइनेछ।

७. अशक्त, अपाङ्गता भएका तथा सामाजिक रूपमा पछाडि परेका नागरिकहरूका लागि राष्ट्रिय परिचयपत्र तथा नागरिकता प्राप्तिका लागि जिल्ला प्रशासन कार्यालयसँग समन्वय गरी विशेष सेवा शिविर सञ्चालन गरिनेछ ।

८. अन्य स्थानीय तहबाट स्थायी बसोबासका लागि तुम्बेवा गाउँपालिकामा आउने परिवारलाई स्थानीय एकीकरण तथा बसोबास प्रोत्साहनस्वरूप प्रति परिवार रु. १ लाख नगद सहयोग गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

९. गाउँपालिकामा निर्माण भएका सम्पूर्ण भौतिक पूर्वाधारहरूको दिगो संरक्षणका लागि नियमित मर्मत–सम्भार प्रणालीलाई सुदृढ गरिनेछ ।

१०. गाउँपालिकास्तरीय आधारभूत अस्पताल सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधारको व्यवस्थापन गरी मेडिकल अधिकृतको नेतृत्वमा स्वास्थ्य सेवा प्रवाहको सुनिश्चितता गरिनेछ ।

११. गाउँपालिका भित्र साना तथा ठूला खानेपानी आयोजनाहरुलाई आवश्यक बजेट व्यवस्थापन गरी स्वच्छ खानेपानीको पूर्वाधार निर्माणलाई उच्च प्राथमिकता दिइनेछ ।

१२. कृषिमा आश्रित जनताको जीवनस्तरमा सुधार ल्याउन कृषिमा यान्त्रिकिकरण गरी कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरिनेछ ।

१३. विद्यालय शिक्षाको गुणस्तर सुधार, शिक्षकको पेशागत क्षमता अभिवृद्धि, विद्यालय व्यवस्थापन सुदृढीकरण, सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाई, बालमैत्री तथा समावेशी वातावरण निर्माण लगायत शैक्षिक सुशासन तथा उत्तरदायी प्रणालीको विकास गरिनेछ ।

१४. गाउँपालिकाले उपलब्ध गराउदै आएको किरिया खर्च वापतको रकम तथा प्रसुतिसँग सम्बन्धित बिरामीहरुको उपचारको लागि निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ ।

## १. सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु

### शिक्षा

१ शिक्षा नीति तथा बहुभाषा शिक्षा निर्देशिका लगायतका कानुनी तथा नीतिगत व्यवस्था प्रभावकारी रूपमा कार्यान्वयन गर्दै शिक्षा क्षेत्रको गुणस्तर, सुशासन र नियमनलाई सुदृढ गरिनेछ ।

२ स्थानीय आवश्यकताका आधारमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरी सबै प्रकारका विद्यालयमा लागू गरिनेछ ।

३ विद्यालय बाहिर रहेका तथा बीचमै पढाइ छोड्ने बालबालिकालाई विद्यालय शिक्षामा पुनः समावेश गर्न विशेष पुनःभर्ना तथा प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।

४ दिवा खाजा कार्यक्रममा स्थानीय उत्पादनमा आधारित पोषणयुक्त "हरेक दिन फरक खाजा" नीति लागू गरिनेछ ।

५ विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धि, सिकाइ उपलब्धि सुधार तथा शैक्षिक सुशासन सुदृढीकरणका लागि गाउँ शिक्षा समिति तथा प्रधानाध्यापकहरूको नियमित बैठक तथा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

६ विद्यालय तहमा सञ्चालन हुने त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक परीक्षालाई व्यवस्थित, विश्वसनीय र नतिजामुखी बनाउन आवश्यक सहजीकरण, समन्वय गरी प्रभावकारी अनुगमन गरिनेछ ।

७ विद्यालय सञ्चालनलाई व्यवस्थित, समयानुकूल तथा प्रभावकारी बनाउन शैक्षिक पात्रो निर्माण, प्रकाशन तथा कार्यान्वयनलाई निरन्तरता दिइनेछ ।

८ विद्यालयमा आवश्यक शैक्षिक सामग्रीको उपलब्धता सुनिश्चित गरी सिकाइ सहजीकरण तथा कक्षाकोठा शिक्षणलाई थप प्रभावकारी बनाइनेछ ।

९ आधारभूत तह कक्षा ४ र ५ मा लागू आन्तरिक मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तथा विद्यालय व्यवस्थापन पक्षलाई अभिमुखीकरण गरिनेछ ।

१० विषयगत शिक्षक समिति मार्फत शिक्षण अनुभव आदानप्रदान, पेशागत सहयोग तथा विषयगत सिकाइ उपलब्धि सुधारका कार्यक्रम सञ्चालन गरिनेछ ।

११ कक्षा ८ र कक्षा १० मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान गरी शैक्षिक प्रतिस्पर्धा र उपलब्धि संस्कृतिको विकास गरिनेछ ।

१२ शिक्षण कार्यलाई व्यवस्थित, योजनाबद्ध र उपलब्धिमूलक बनाउन शिक्षक डायरी निर्माण गरी प्रयोगमा ल्याइनेछ ।

१३ विद्यालयमा तथ्याङ्क व्यवस्थापन, अभिलेखीकरण तथा प्रविधिमैत्री शिक्षण प्रणालीलाई सुदृढ गर्न EMIS तथा ICT सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१४ विद्यार्थीहरूमा नेतृत्व क्षमता, तार्किक सोच, अभिव्यक्ति कला तथा सिर्जनशीलताको विकास गर्न हाजिरीजवाफ, वक्तृत्वकला लगायतका अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ ।

१५ स्थानीय स्रोत, सामग्री तथा नवीन शिक्षण विधिमा आधारित शैक्षिक सामग्री निर्माण तथा प्रयोगलाई प्रोत्साहन गर्न कार्यशाला कार्यक्रम सञ्चालन गरिनेछ ।

१६ विद्यालय शिक्षालाई प्रविधिमैत्री, उत्तरदायी, समावेशी तथा नतिजामुखी बनाउँदै स्थानीय सरकारको शिक्षा क्षेत्रप्रतिको दायित्वलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।

१७ माध्यमिक तह सञ्चालन भएका विद्यालयका विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकसँग कार्यसम्पादन सम्झौता गरी लागु गरिनेछ ।

१८ माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुको लागि विद्यालय छनोट गरी निश्चित अवधिको आवासीय शैक्षिक कार्यक्रमको सुरुवात गरिनेछ ।

## युवा तथा खेलकुद

१. गाउँपालिकामा खेल प्रशिक्षकको व्यवस्था गरी खेलाडीहरूको क्षमता विकास तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

२. अध्यक्ष कप फुटबल प्रतियोगिता, ब्याडमिन्टन प्रतियोगिता, राष्ट्रपति रनिङ शिल्ड लगायतका खेलकुद कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. विद्यालयस्तरदेखि नै खेल प्रतिभा पहिचान तथा विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

४. जिल्ला, प्रदेश र राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम खेलाडीलाई विशेष प्रोत्साहन दिइनेछ।
५. खेल पूर्वाधार (मैदान, कभर्डहल, प्रशिक्षण केन्द्र) विस्तार तथा स्तरोन्नती गरिनेछ।
६. स्थानीय युवालाई प्रविधि मैत्री बनाउन कम्तिमा ५० जना SEE उत्तिर्ण विद्यार्थीहरुलाई निःशुल्क आधारभूत कम्प्युटर तालिम प्रदान गरिनेछ।
७. युवाहरुलाई खेलकुदमा प्रोत्साहन गर्न आगामी आ.व. देखि खेल सामाग्री वितरण कार्यको सुरुवात गरिनेछ।

## संस्कृति तथा पर्यटन

१. गाउँपालिकाका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, अभिलेखीकरण र प्रवर्द्धन गरिनेछ। पवित्र तुम्बेवा हाङसाङ माङहिम, जगत उद्धार बौद्ध गुम्बा, इन्द्रावती देवी मन्दिर, पाटीपौवा तथा अन्य धार्मिक स्थलहरूको संरक्षण र सौन्दर्यीकरण गरिनेछ।
२. वी.पी. पार्क तथा शहीद स्मृति पार्कलाई पर्यटकीय आकर्षण केन्द्रको रूपमा विकास गर्दै लगिनेछ। तमोर नदीमा राफ्टिङका लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयनका लागि निजि क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
३. फाल्गु–आत्म माङहिम विकास तथा प्रवर्द्धन गरिनेछ। स्थानीय जातजातिको भाषा, कला, संस्कृति र परम्पराको संरक्षणका लागि विशेष पहल गरिनेछ।

## स्वास्थ्य

१. आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ, गुणस्तरीय, पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई पहुँच विस्तार गरिनेछ।
२. स्वास्थ्य चौकी मौवा बाट प्रदान भई रहेको टेलिमेडिसिन कार्यक्रम लाई थप प्रभाबकारी बनाउदै निरन्तरता दिईनेछ l साथै खालि पेटमा जांच गर्नुपर्ने जांच हरुलाई मध्यनजर गर्दै प्रत्येक हप्ताको बिहिबार बिहान बाटै ल्याब सेवा संचालन गरिनेछ l
३. आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको प्रभावकारी एवं जवाफदेही पूर्ण स्वास्थ्य सेवा प्रणालीको विकास गरिनेछ, साथै आधारभूत अस्पताल सेवा विस्तार गरिनेछ।
४. पाँच बर्ष मुनिका बालबालिकाहरुले प्राप्त गर्नु पर्ने खोपहरुको मात्रा पुरा गरि पूर्णखोप धोषणा सुनिस्चितता तथा दिगोपना गरिनेछ।
५. ६ देखि ५९ महिना सम्मका बालबालिका हरुको पोषण लेखाजोखा स्क्रिनीङ् कार्यक्रम पालिका अन्तर्गतका सम्पूर्ण टोल हरुमा निरन्तर रुपमा संचालन गरिनेछ l
६. सर्ने र नसर्ने रोगहरूका बारेमा प्रवर्द्धनात्मक, निरोधात्मक र उपचारात्मक तथा मानसिक रोग सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन साथै नसर्ने रोग ब्यबस्थापन कार्यक्रम अन्तर्गत मधुमेह, उच्च रक्तचाप, मृगौला सम्बन्धि रोगको स्क्रिनीङ र शरिरको तौल अनुपातको मापन स्क्रिनीङ एक महिना सम्म अभियानको रुपमा संचालन गरिनेछ l

७. आधारभूत स्वास्थ्य परिक्षण उपकरण तथा स्वास्थ्य संस्थाहरुमा भौतिक पूर्वाधारहरुको व्यवस्थापन गर्दै सेवा प्रवाहलाई बृद्धि गर्दै लगिनेछ।

८. नवजात शिशु मृत्युदर, बाल मृत्युदर, मातृ मृत्युदर घटाउनको लागि मातृ तथा नवशिशु कार्यक्रम, सुरक्षित मातृत्व कार्यक्रम, एकीकृत बालरोग व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

९. मातृशिशु तथा किशोरी पोषणको अवस्थामा सुधार ल्याउन पोषण कार्यक्रम र बहुक्षेत्रीय पोषण योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।

१०. स्वास्थ्य ब्यबस्थापन सूचना प्रणाली बमोजिम सम्पूर्ण स्वास्थ्य सस्थाहरुमा e-HMIS कार्यक्रम लागु गरिनेछ ।

११. सुत्केरी र 'क', 'ख' र 'ग' वर्गका अपाङ्गता भएका व्यक्तिहरुलाई नि:शुल्क तथा बिपन्न र जेस्ठ नागरिकहरुको हकमा सिफारिसका आधारमा निःशुल्क एम्बुलेन्स सेवालाई निरन्तरता दिइनेछ।

१२. राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका मार्फत सञ्चालन हुने आमा समूह वैठक सुदृढिकरण गर्ने र राष्ट्रिय महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन, यातायात खर्च थप गरि माषिक ५ हजार प्रदान गरिनेछ।

१३. स्वास्थ्य क्षेत्रको सूचकहरुको मासिक, अर्धवार्षिक र वार्षिक समिक्षा गरिनेछ साथै स्वास्थ्यका कर्मचारीहरुको लागि क्षमता अभिवृद्धि गर्नका लागि तालिमको व्यवस्था गरिनेछ।

१४. विपन्न नागरिक स्वास्थ्य उपचार सहयोग कार्यक्रमलाई निरन्तर रुपमा संचालन गरिनेछ।

१५. स्वास्थ्य संस्थाहरुको न्यूनतम सेवा मापदण्ड कार्यक्रम निर्देशिका बमोजिम स्तरोन्नती गरिनेछ । साथै स्वास्थ्य संस्थाहरुको सामाजिक परिक्षण गरी गुणस्तरीय र प्रभावकारी स्वास्थ्य सेवा प्रवाह भएको सुनिश्चित गरिनेछ।

१६. तुम्बेवा गाउँपालिकामा सामाजिक विकास मन्त्रालय कोशी प्रदेशको सहयोग तथा करुणा फाउण्डेशन नेपाल र राष्ट्रिय अपाङ्गता महासंघसँगको समन्वयमा सञ्चालित अपाङ्गता रोकथाम तथा पुनःर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१७. समुदायमा क्षयरोग पहिचानको लागि वृहत स्कृनिङ कार्यक्रम सञ्चालन गरिनेछ। साथै समुदायमा क्षयरोग सम्बन्धी जनचेतना मुलक कार्यक्रम सञ्चालन गरिनेछ।

१८. उच्च जोखिममा रहेर कार्य सम्पादन गर्ने प्रयोगशालामा कार्यरत कर्मचारीहरुको जोखिम भत्ता लाई निरन्तरता दिईनेछ।

१९. कुपोषण न्यूनीकरणका लागि दुई बर्ष मुनिको बच्चाले २४ सै पटक वृद्धि अनुगमन गरे बापत प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

२०. सुत्केरी, अपाङ्गता भएका व्यक्ति तथा ज्येष्ठ नागरिकका लागि निःशुल्क एम्बुलेन्स सेवा निरन्तरता दिई थप प्रभावकारी बनाइनेछ।

२१. सरकारी तथा निजि अस्पतालसँग समन्वय गरी ओठ च्यातिएका तथा तालु फाटेका बालबालिकाको उपचारलाई निरन्तरता दिइनेछ।

## आयुर्वेद तथा योग

१. स्वस्थ जीवनशैली प्रवर्द्धनका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
२. पाँचवटै वडामा योग अभ्यास केन्द्र विस्तार गरिनेछ।
३. तुम्बेवा गाउँपालिका भित्र रहेका ५ कक्षा देखि माथिका सम्पूर्ण विद्यालयका शिक्षकहरुलाई छनोट गरी ७ दिने योग तालिम दिई विद्यालयमा योग शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ।
४. नसर्ने रोग न्यूनीकरणका लागि योग तथा ध्यान कार्यक्रम सञ्चालन गरिनेछ।साथै प्रत्यक महिना आयुर्वेद विशेषज्ञद्धारा सेवा प्रवाह गरिनेछ।
५. मातृ–शिशु स्वास्थ्य सुधारका लागि आयुर्वेदिक जडीबुटीजन्य औषधीहरु उपलब्ध गरिनेछ।
६. ज्येष्ठ नागरिकका लागि नियमित आयुर्वेद स्वास्थ्य परीक्षण तथा उपचार सेवा विस्तार गर्दै लगिनेछ।

## लैङ्गिक समानता र सामाजिक समावेशीकरण

१. महिला, बालबालिका, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गका लागि विशेष उत्थान कार्यक्रम सञ्चालन गरिनेछ।
२. सबै प्रकारका हिंसा विरुद्ध शून्य सहनशीलता नीति कडाइका साथ लागू गरिनेछ।
३. ज्येष्ठ नागरिक परिचयपत्र सहज रूपमा उपलब्ध गराइनेछ।
४. गर्भवती तथा सुत्केरी महिलाका लागि आमा सुरक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

## सामाजिक सुरक्षा तथा पञ्जीकरण

१. व्यक्तिगत घटना दर्ता ३५ दिनभित्र सुनिश्चित गर्न डिजिटल बर्थ रिपोर्टिङ प्रणालीलाई निरन्तरता दिइनेछ।
२. भत्ता वितरण प्रणालीलाई पूर्ण रूपमा डिजिटल बनाइनेछ।
३. गाउँपालिकाबाट राष्ट्रिय परिचयपत्र वितरण कार्यलाई निरन्तरता दिइनेछ।
४. नागरिकताको अनलाइन सिफारिस प्रणालीलाई सबै वडामा निरन्तरता दिइनेछ।
५. सामाजिक सुरक्षा भत्ता नलिने नागरिकलाई सम्मान पत्र प्रदान गरिनेछ।
६. सामाजिक सुरक्षा लाभग्राहीको नियमित अद्यावधिक गरिनेछ।

## आर्थिक विकास सम्बन्धी नीति तथा कार्यक्रम

## स्थानीय आर्थिक विकास

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

१. गाउँपालिका, निजी क्षेत्र र सहकारी (समुदाय) को त्रिपक्षीय सहकार्यमा स्थानीय उत्पादनको ब्रान्डिङ, प्याकेजिङ र बजार पहुँच विस्तारका लागि विशेष पहल गरिनेछ।

## उद्योग तथा लघुउद्यम विकास कार्यक्रम

१. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ अनुसार कार्यक्रमको तर्जुमा गरी लागत सहभागितामा सञ्चालनको व्यवस्था मिलाइनेछ।
२. नयाँ उद्यमी सिर्जना र स्तरोन्नतीको कार्यक्रमलाई निरन्तरता दिइनेछ।
३. लघु उद्यममैत्री नीति निर्माणलाई प्राथमिकता दिइनेछ।
४. उद्यम विकास रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ।
५. स्टार्टअप उद्यम कर्जामा समावेश हुन चाहने व्यवसायी तथा उद्यममीलाई उत्साहित गर्ने नीति लिइनेछ।
६. उद्यमशिलता विकास, नवप्रवर्द्धन, सीप विकास तथा अन्य क्षमता विकास कार्यक्रम नतिजामा आधारित रही कार्यान्वयनमा ल्याइनेछ।
७. हस्तकला, स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न वित्तीय समन्वय तथा सहजीकरण गरिनेछ।
८. युवालाई लक्षित गरी उद्यमशीलता विकास, व्यवसाय योजना निर्माणलाई निरन्तरता दिइनेछ।
९. स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।
१०. युवा तथा विद्यार्थी लक्षित आधारभूत कम्प्युटर तालिम सञ्चालन गरी प्रविधिमैत्री जनशक्ती उत्पादन गरिनेछ।

## कृषि तथा पशुपन्छी विकास

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

१. उन्नत जातका बिउ वितरण गरी मौसमी तथा बेमौसमी खेती प्रणालीलाई निरन्तरता दिइनेछ।
२. माटो परीक्षण तथा कृषि ज्ञान केन्द्रसँग समन्वय गरी भूगोल सुहाउँदो फलफूल तथा व्यावसायिक बाली विस्तार
३. लिची, आँप, किवी, एभोकाडो, कागती, सुन्तला आदि फलफुल विकास कार्यक्रम सञ्चालन गरिनेछ।
४. कृषि अनुदान कार्यक्रमलाई पारदर्शी बनाउँदै उत्कृष्ट कृषक, कृषि फर्म, समूह र सहकारीलाई प्रोत्साहन तथा
५. कृषकलाई पुरस्कृत गर्ने प्रणालीलाई निरन्तरता दिइनेछ।
६. साना कृषि औजार तथा यान्त्रीकरणलाई प्रवर्द्धन गर्दै सिँचाइ, कृषि सडक, कृषि बजार, शीत भण्डार तथा
७. गोदाम घर निर्माणमा जोड दिइनेछ।
८. स्वास्थ्य मापदण्ड अनुसार मासु पसल तथा बधशालाको स्तरोन्नती गरिनेछ।
९. गाईभैंसीमा निःशुल्क कृत्रिम गर्भाधान कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१०. पशु तथा पन्छीमा लाग्ने जुनोटिक रोग नियन्त्रणका लागि निःशुल्क औषधि उपचार सेवालाई निरन्तरता दिइनेछ।
११. पशु आहार व्यवस्थापनका लागि घाँसको बीउ तथा बिरुवा निःशुल्क वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ।
१२. लम्पी स्किन, PPR, खोरेत, स्वाइन फिभर लगायत रोग विरुद्ध निःशुल्क खोप कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३. रेबिज रोग नियन्त्रणको लागि निशुल्क रेबिज रोग बिरुद्दको खोप तथा सामुदायिक कुकुरहरुको बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१४. पशुपालक कृषकहरुको क्षमता अभिबृद्दि गर्न तालिम ,गोष्ठी तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ

१५. आन्तरिक तथा बाह्यपरजीबी नियन्त्रणको लागि समय समय मा परजीबी बिरुद्दको औषधि निशुल्क वितरण गरिनेछ ।

## सहकारी विकास

१. कृषि समूह, निजी फर्म तथा सहकारी संस्थाको दर्ता, अनुमति तथा नियमन प्रक्रियालाई व्यवस्थित गरिनेछ ।

२. सहकारीमार्फत पूँजी संकलन, परिचालन तथा स्वरोजगार सिर्जना गर्दै गरिबी न्यूनीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. सहकारी संस्थाहरूको नियमन, लेखापरीक्षण तथा क्षमता विकास गर्दै नागरिक विश्वास अभिवृद्धि गरिनेछ ।

४. सहकारी संस्थाहरूलाई कोपोमिस अनलाइन प्रणालीमा आवद्ध गरी डिजिटल रिपोर्टिङ प्रणाली पूर्ण रूपमा लागू गरिनेछ ।

## रोजगार तथा श्रम विकास

१. राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक (WFP) आयोजना स्थानीय लागत साझेदारीमा निरन्तर सञ्चालन गरिनेछ ।

२. बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन, विश्लेषण तथा रोजगार सूचना प्रणाली अद्यावधिक गरिनेछ ।

३. वैदेशिक रोजगारीबाट फर्किएका नागरिकलाई सीप अनुसार उत्पादनमूलक क्षेत्रमा आबद्ध गर्नका लागि तालिम कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. वैदेशिक रोजगारमा जाने व्यक्तिहरूका लागि श्रम स्वीकृति, पुनः श्रम स्वीकृति तथा परामर्श सेवालाई निरन्तरता दिइनेछ ।

५. सुरक्षित आप्रवासन कार्यक्रम (SaMi) लाई थप सुदृढ गर्दै वैदेशिक रोजगार सम्बन्धी सचेतना विस्तार गरिनेछ ।

६. श्रमको सम्मान, श्रमदान संस्कृतिको प्रवर्द्धन गर्दै "श्रमको सम्मान, राष्ट्रको अभियान" कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७. मनोसामाजिक परामर्शकर्ता मार्फत बैदेशिक रोजगारीमा जाने तथा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्ति लगायत मनोसामाजिक समस्याबाट ग्रस्त व्यक्तिहरुलाई परामर्श सेवा उपलब्ध गराइनेछ ।

८. श्रम संसार लगायताका डिजिटल सूचना प्रणाली मार्फत बेरोजगार व्यक्ति सीप सिक्न चाहने र सम्भावित उद्यमीहरुको व्यक्तिगत प्रोफाइल तयार गरी एकीकृत डाटाबेस तयार गरीनेछ ।

९. रोजगारदाताबाट प्राप्त रिक्त पदहरुको विवरणका आधारमा दर्ता भएका लक्षित वर्गलाई रोजगारीका लागि सिफारिस गरिनेछ ।

१०. स्थानीय तहमा श्रम बजारको माग सीपको आवश्यकता र रोजगारीको अवसर पहिचान गर्न नियमित सर्वेक्षण तथा विश्लेषण गरिनेछ।

११. नयाँ उद्यम गर्न इच्छुक व्यक्तिहरुलाई छनोट गरी व्यवसायिक उत्प्रेरणा तथा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ। बेरोजगार व्यक्तिहरुलाई रोजगारमा आबद्धता गर्न मागको आधारमा विविध सीप मूलक तालिमहरु सञ्चालन गरिनेछ।

## ३. सुशासन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रम

सभाका सदस्यज्यूहरू,

### सार्वजनिक सेवा प्रवाह

१. गाउँपालिकाभित्रका सम्पूर्ण स्रोतसाधन, सेवा केन्द्र, नागरिकको पेशा–व्यवसाय, सामाजिक–आर्थिक अवस्था तथा रोजगारी सम्बन्धी विवरण समावेश गरी गाउँपालिकाको डिजिटल प्रोफाइल (Digital LG Profile) तयार गरिनेछ।

२. नागरिक गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउन नागरिक बडापत्र, गुनासो पेटीका, हेल्प डेस्क तथा डिजिटल गुनासो प्रणाली व्यवस्थित गरिनेछ।

३. आर्थिक तथा प्रशासनिक अनुशासन कायम गर्न बक्यौता, पेश्की तथा बेरुजु विवरण अद्यावधिक गरी असुल उपर तथा फछर्यौट प्रक्रियालाई प्रभावकारी बनाई निरन्तरता दिइनेछ।

४. मानव संसाधन अभाव भएका क्षेत्रमा आवश्यक सेवाका लागि विषय विज्ञ तथा सहजकर्ताहरुसँग सम्झौता गरी सेवा करार वा परामर्शदाताको रूपमा प्रयोग गरिनेछ।

५. रिक्त रहेका दरबन्दीहरूमा स्थायी पदपूर्तिका लागि आवश्यक प्रक्रिया अगाडी बढाइनेछ।

६. सेवा प्रवाह तथा विकास निर्माणमा हुन सक्ने भ्रष्टाचार, अपारदर्शिता र ढिलासुस्ती विरुद्ध शून्य सहनशीलता नीति लागू गरिनेछ।

७. सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाउन वडाहरुको केन्द्र सहित संवेदनशील क्षेत्र, बजार तथा पर्यटकीय स्थलहरूमा आइ.पि. क्यामेरा जडान कार्यलाई निरन्तरता दिइनेछ।

८. आधारभूत वस्तु तथा सेवाको गुणस्तर सुनिश्चित गर्न उपभोक्ताको सहभागितामा नियमित तथा प्रभावकारी बजार अनुगमनलाई निरन्तरता दिइनेछ।

९. सङ्घीय सरकार, प्रदेश सरकार तथा अन्य स्थानीय तहसँग सहकार्य सुदृढ गर्न अन्तर–सरकार समन्वय तथा सहकार्य नीति तर्जुमा गरिनेछ।

१०. गाउँपालिका तथा मातहतका कार्यालयहरू एवं माध्यमिक तह सञ्चतालित विद्यालयहरुमा एकीकृत विद्युतीय हाजिरी प्रणाली लागू गरी समय पालन र नियमितता कायम गर्दै सेवा प्रवाहलाई प्रभावकारी बनाइनेछ।

११. सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, नागरिक संवाद तथा सार्वजनिक परीक्षण सञ्चालन गरी सार्वजनिक जवाफदेहिता प्रवर्द्धन गरिनेछ।

१२. सडक दुर्घटनाबाट हुने जनधनको क्षतिलाई न्यूनीकरण गर्न ट्राफिक प्रहरीसँगको सहकार्यमा ट्राफिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१३. बालविवाह, सम्बन्ध विच्छेद तथा लागु औषध दुर्व्यसन न्यूनीकरण गर्न सामुदायिक विद्यालयहरुमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ ।

१४. सार्वजनिक खरिद प्रणालीलाई पूर्ण रूपमा विद्युतीय (e-GP) प्रणालीमा आधारित बनाइनेछ ।

१५. विकास निर्माण कार्यमा गुणस्तरता कायम गर्न स्वतन्त्र प्राविधिक परीक्षण तथा अनुगमन प्रणाली अवलम्बन गरिनेछ ।

१६. नागरिकको प्रत्यक्ष प्रतिक्रिया प्राप्त गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सन्तुष्टि सर्वेक्षण प्रणाली लागु गरिनेछ ।

१७. सार्वजनिक सेवा प्रवाहमा सबै वर्गको पहुँचलाई सुनिश्चित गर्न गाउँपालिका तथा मातहतका कार्यालयहरुमा अपाङ्ग मैत्री संरचना निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

१८. कर्मचारीहरूको क्षमता अभिवृद्धि गरी परिणाममुखि सेवा प्रवाहका लागि नियमित तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

१९. कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन वस्तुनिष्ठ बनाउन जोड दिइनेछ ।

२०. जग्गा प्रशासन सम्बन्धी कार्य पालिकाबाटै गर्ने गरी सम्बन्धित निकायबाट सेवा हस्तान्तरण गरी सञ्चालन गरिनेछ ।

२१. वार्षिक नीति तथा कार्यक्रम एवं बजेटमा समावेश भएका विषयहरुलाई गाउँ कार्यपालिकाले वार्षिक कार्य योजना बनाई कार्यान्वयन गरिनेछ ।

## सूचना तथा सञ्चार

१. गाउँपालिका र सञ्चार संस्था बीच सहकार्य गरी स्थानीय तथा राष्ट्रिय पत्रपत्रिका, अनलाइन पोर्टल, सामाजिक सञ्जाल, वेबसाइट तथा एफ.एम. रेडियो मार्फत जनहितकारी सूचना तथा सन्देशहरूको सम्प्रेषण गर्दै गाउँपालिका सम्बन्धी सूचना तथा गतिविधिहरु प्रकाशन तथा प्रसारण गरिनेछ ।

२. नागरिकको सूचनाको हक (Right to Information) को पूर्ण प्रत्याभूति गर्न प्रवक्ता तथा सूचना अधिकारीको भूमिकालाई प्रभावकारी बनाई गाउँपालिकालाई सूचना–मैत्री, पारदर्शी र जवाफदेही प्रशासनिक इकाई का रूपमा विकास तथा स्थापित गरिनेछ ।

३. गाउँपालिकाको स्वतः स्फूर्त प्रकाशनलाई निरन्तरता दिइ सेवा प्रवाहलाई उत्तरदायि, पारदर्शी र जनमैत्री बनाइनेछ ।

४. नागरिकको सूचनाको हकलाई प्रभावकारी बनाउन गाउँपालिकाको आधिकारिक वेबसाइटलाई नियमित अद्यावधिक गर्दै सेवा, सूचना तथा योजना विवरण प्रकाशन गरिनेछ ।

## न्याय, कानून तथा मानव अधिकार प्रवर्द्धन

१. गाउँपालिकाको न्यायिक समितिमार्फत विवाद समाधान प्रणालीलाई थप प्रभावकारी बनाउँदै मेलमिलाप, सुलह र सहमतिको संस्कारलाई संस्थागत तथा दिगो बनाइनेछ ।

२. महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति तथा अन्य सीमान्तकृत समुदायको न्यायमा पहुँच सुनिश्चित गर्न कानुनी साक्षरता शिविर तथा सचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

३. गाउँपालिकाले जारी गरेका कानूनहरु कोशी प्रदेशको स्थानीय तहको कानुन अभिलेखीकरण प्रणाली मा आवद्ध गरी सङ्घीय र प्रदेश कानुनसँग स्थानीय कानुन नबाझिने अवस्थाको सुनिश्चितता गरिनेछ।

४. न्यायिक समितिको कार्यसम्पादनलाई प्रभावकारी बनाउन क्षमता विकास तालिम, अभिलेख व्यवस्थापन गरिनेछ।

५. विवाद समाधान प्रक्रियामा स्थानीय मध्यस्थकर्ता तथा सामुदायिक अगुवाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिनेछ।

६. विद्यालय, समुदाय तथा टोलस्तरमा कानुनी साक्षरता तथा अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी नीति तथा कार्यक्रम

सभाका सम्पूर्ण सदस्यज्यूहरू,

**१.** विपद् व्यवस्थापन कार्यलाई थप प्रभावकारी र जनमुखी बनाउँदै विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशील योजना (Climate Resilient Plan) तर्जुमा गरी पूर्वतयारी, प्रतिकार्य, राहत, पुनर्स्थापना र पुनर्निर्माण प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२. वातावरण प्रदूषण न्यूनीकरणका लागि प्लास्टिक तथा प्लास्टिकजन्य वस्तुहरूको प्रयोग नियन्त्रण गर्दै सडक किनारा, सार्वजनिक स्थल तथा खुला क्षेत्रहरूमा हरियाली विस्तार, वृक्षरोपण तथा सौन्दर्यकरण कार्यक्रम सञ्चालन गरिनेछ।

**३.** विकास निर्माण कार्यहरूमा वातावरणीय सन्तुलन कायम गर्न प्रारम्भिक वातावरणीय परीक्षण (IEE) तथा वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अनिवार्य रूपमा लागू गरिनेछ । सबै पूर्वाधार विकासलाई वातावरणमैत्री र दिगो विकासको मापदण्ड अनुसार कार्यान्वयन गरिनेछ।

४. उच्च जोखिमयुक्त क्षेत्रहरूको जोखिम नक्साङ्कन, विश्लेषण तथा वर्गीकरण गरी जोखिम न्यूनीकरण योजना कार्यान्वयन गरिनेछ । विपद् व्यवस्थापनका लागि आवश्यक सामग्री, जनशक्ति तथा आपतकालीन संरचनालाई सुदृढ र सधैं तयारी अवस्थामा राखिनेछ।

५. नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) तथा अन्य प्राकृतिक स्रोतहरूको अनधिकृत तथा अवैज्ञानिक दोहनलाई कडाइका साथ नियन्त्रण गरिनेछ । प्राकृतिक स्रोतहरूको दिगो उपयोग सुनिश्चित गर्न कार्य योजना बनाई वैज्ञानिक उत्खनन तथा अनुगमन प्रणाली लागू गरिनेछ।

## भौतिक पूर्वाधार विकास सम्बन्धी नीति तथा कार्यक्रम

सभाका सदस्यज्यूहरू,

१. पूर्वाधार निर्माणका आयोजनाहरू सञ्चालन गर्दा लागत–लाभ विश्लेषणका आधारमा उच्च प्रतिफल दिने, समतामूलक विकास सुनिश्चित गर्ने तथा पिछडिएका र कम विकसित क्षेत्रलाई विकासको मूल प्रवाहमा ल्याउने नीति अवलम्बन गरिनेछ।

२. गाउँपालिकाको सडक गुरुयोजना (Road Master Plan) तयार गरी क्रमबद्ध रूपमा कार्यान्वयनमा ल्याइनेछ ।
३. गाउँपालिकाको समग्र विकासमा महत्वपूर्ण भूमिका खेल्ने ठूला तथा रणनीतिक आयोजनाहरूलाई गौरव आयोजनाका रूपमा पहिचान गरी प्राथमिकताका आधारमा कार्यान्वयन गरिनेछ ।
४. निर्माणाधीन तथा अधुरा योजनाहरूलाई समयमै सम्पन्न गर्न क्रमागत बजेट विनियोजन प्रणालीलाई निरन्तरता दिइनेछ।
५. नेपाल राष्ट्रिय भवन संहिता २०६०, बस्ती विकास, शहरी योजना तथा भवन निर्माण मापदण्ड २०७२, राष्ट्रिय भू–उपयोग नीति तथा अन्य प्रचलित ऐन, मापदण्ड र निर्देशिकाहरू कडाइका साथ लागू गरी सुरक्षित, व्यवस्थित र दिगो निर्माण प्रणाली अवलम्बन गरिनेछ। साथै भवन निर्माण अनुमति प्रक्रियालाई प्रविधिमैत्री बनाई सरल, सहज, छरितो र पारदर्शी बनाइनेछ।
६. गाउँपालिका भित्रका सडकहरूको नियमित स्तरोन्नति, कालोपत्रे तथा मर्मत कार्यलाई निरन्तरता दिइनेछ।
७. सबै पूर्वाधार निर्माण कार्यमा गुणस्तर परीक्षण, प्राविधिक अनुगमन तथा सार्वजनिक परीक्षण (Public Audit) प्रणालीलाई निरन्तरता दिइनेछ।
८. निर्माण कार्यमा स्थानीय स्रोत, साधन तथा श्रमको अधिकतम उपयोग गर्दै स्थानीय रोजगारी सिर्जनामा जोड दिइनेछ।

## ६. राजस्व तथा आन्तरिक स्रोत परिचालन सम्बन्धी नीति तथा कार्यक्रम

**१.** आन्तरिक आय व्यवस्थापन तथा प्राकृतिक स्रोत बिक्रीसम्बन्धी आवश्यक ऐन, नियमावली तथा कार्यविधि तर्जुमा गरी राजस्व प्रणालीलाई पारदर्शी, व्यवस्थित र प्रभावकारी बनाइनेछ।
२. करको दरलाई सम्भव भएसम्म न्यूनतम राख्दै करको दायरा विस्तार गर्ने नीति अवलम्बन गरिनेछ। साथै प्रगतिशील कर प्रणाली लागू गरी सामाजिक तथा आर्थिक असमानता न्यूनीकरणमा योगदान पुऱ्याइने।
**३.** वडा कार्यालयहरूसँग समन्वय गरी घरबहाल करमा देखिने चुहावट नियन्त्रण गर्न घरधनी तथा बहालमा बस्ने व्यक्तिहरूको अद्यावधिक अभिलेख प्रणाली विकास र कार्यान्वयन गरिनेछ।
४. ढुंगा, गिट्टी, बालुवा जस्ता नदीजन्य तथा प्राकृतिक स्रोतहरूको उत्खनन् कार्यलाई ठेक्का प्रणालीमार्फत व्यवस्थित गरी राजस्व अभिवृद्धि र अनियमितता नियन्त्रण गरिनेछ।
**५.** राजस्व चुहावट नियन्त्रण गर्न नियमित रूपमा अनुगमन, लेखापरीक्षण तथा कर सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

सभाका सदस्यज्यूहरु,
तुम्बेवा गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४का लागि प्रस्तावित नीति तथा कार्यक्रमले समावेशी विकास, सामाजिक न्याय, सुशासन, समृद्धि र दिगो विकासको स्पष्ट तथा व्यवहारिक मार्गचित्र प्रस्तुत गरेको छ। यस नीति तथा कार्यक्रमले नागरिकका वास्तविक आवश्यकता, स्थानीय स्रोत–साधनको अधिकतम तथा प्रभावकारी

उपयोग, साथै हाम्रो गाउँपालिकाको मौलिक पहिचान र सम्भावनालाई आत्मसात गर्दै समग्र विकासको दिशामा अघि बढ्ने दृढ संकल्प लिइएको छ।

यस नीति तथा कार्यक्रमको मूल उद्देश्य समृद्ध, सुरक्षित, सक्षम, पारदर्शी तथा नागरिकमैत्री स्थानीय शासन प्रणालीको स्थापना गर्नु रहेको छ। विकासका हरेक आयाममा जनसहभागिता, जनउत्तरदायित्व र जनमैत्री सेवा प्रवाहलाई केन्द्रमा राख्दै, गाउँपालिकालाई आत्मनिर्भर, दिगो र समुन्नत बनाउने दीर्घकालीन सोच यसमा समावेश गरिएको छ।

यसको प्रभावकारी कार्यान्वयनका लागि सरकारका सबै तह, राजनीतिक दल, जनप्रतिनिधि, कर्मचारी प्रशासन, नागरिक समाज, निजी क्षेत्र, विकास साझेदार तथा सम्पूर्ण समुदाय बीचको समन्वय, सहकार्य र साझेदारी अपरिहार्य रहनेछ। सबै पक्षको सक्रिय सहभागिता, साझा प्रयास र सामूहिक प्रतिबद्धताबाट मात्र यो नीति तथा कार्यक्रमले अपेक्षित परिणाम हासिल गर्न सक्नेछ भन्ने कुरामा हामी पूर्ण विश्वस्त छौं।

**अन्त्यमा,**

यस गरिमामय सभाका सम्पूर्ण सदस्यज्यूहरूमा हार्दिक सम्मान प्रकट गर्दछु। नीति तथा कार्यक्रमको तयारी देखि लिएर छलफल, परामर्श तथा अन्तिम रूप दिनसम्म निरन्तर सक्रिय सहयोग, सुझाव तथा मार्गदर्शन प्रदान गर्नुहुने सम्पूर्ण जनप्रतिनिधिज्यूहरू प्रति विशेष धन्यवाद व्यक्त गर्न चाहन्छु। यस प्रक्रियामा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने राष्ट्रसेवक कर्मचारीहरू, राजनीतिक दलका प्रतिनिधिहरू, सरोकारवाला निकायहरू, नागरिक समाज, सञ्चारकर्मी, सुरक्षाकर्मी, तथा सम्पूर्ण तुम्बेवावासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरु प्रति म हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु। वहाँहरूको निरन्तर सहयोग, सुझाव र सकारात्मक सहभागिताले नै यस नीति तथा कार्यक्रमलाई अझ यथार्थपरक, व्यवहारिक, कार्यान्वयनयोग्य र भविष्यमुखी बनाउन महत्व पूर्ण भूमिका खेलेको छ।

आगामी दिनहरूमा पनि यस्तै सद्भाव, सहकार्य, मार्गदर्शन र सक्रिय सहभागिता निरन्तर रहनेछ भन्ने अपेक्षा सहित पुनः एकपटक सम्पूर्णमा हार्दिक धन्यवाद व्यक्त गर्दै, यस गरिमामय बिसौं गाउँसभा समक्ष आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम प्रस्ताव पेश गरेको छु।